१२२३।८३२

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ३३४/२०७१/०७२

निर्णय नं. ८३५

जिल्ला रौतहट, गौर नगरपालिका –११ सुकदेव प्रसाद ........................................ १ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, जिल्ला शिक्षा कार्यालय, रौतहट, गौर........................................१ विपक्षी
सूचना अधिकारी, जिल्ला शिक्षा कार्यालय, रौतहट, गौर........................................१

विषय :- आवश्यक कागजांत उपलब्ध गराउनु भनिएकोमा उपलब्ध नगराईएकोले तामेलीमा राख्ने ।

जिल्ला रौतहट, गैर नगपालिका–११ सुकदेव प्रसादले जिल्ला शिक्षा कार्यालय, रौतहट, गौर समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।१२।०८ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७१।१२।१९ को पत्रबाट जिल्ला रौतहट, गौर नगरपालिका–११ सुकदेव प्रसादलाई आवश्यक कागजात पेश गर्नु भनी पत्राचार गरिएको । उक्त पत्राचार पश्चात पुनरावेदकले आवश्यक कागजात पेश नगरेको तथा सूचना पनि पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पुनरावेदकले आवश्यक कागजात पेश गरी सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ। प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ जेठ २ गते रोज १ शुभम्